# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रुकुम (पश्चिम) ०८४-४११४६,९८५७८२६१११

कर्णाली प्रदेश, नेपाल ito.chaurjaharimun@gmail.com


पत्र संख्या : २०७९।०८०

च.नं. :

## निबन्ध लेखन प्रतियोगिता सम्बन्धमा ।

**(प्रकाशन मिति : २०७९।०९।१९)**

उपर्युक्त विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट प्राप्त पत्रानुसार आयोगको ३२ औँ स्थापना दिवसको अवसरमा माध्यमिक तह (९-१२) स्तरीय **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन"** शीर्षकमा निबन्ध लेखन प्रतियोगिता सञ्चालन हुने भएकोले मिति २०७९ साल माघ ६ गतेसम्म आयोगको कार्यालयमा लिखित र सफ्टकपी दुवै पठाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रतियोगिता सम्बन्धी विस्तृत जानकारी यसैसाथ संलग्न आयोगको पत्रमा उल्लेख गरिएको छ ।

२०७९/९/१९

..............................

शेरप्रसाद ढकाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय

☎०८३-५२१९६०
🖷०८३-५२३८८४
Ext. ०८३-५२३१७८
०८३-५२५३७४
✉ciaasurkhet@gmail.com

मितिः-२०७९/०९/१८

पत्र संख्याः-प्रशासन/०७९/०८०

चलानी नं.- ६४६

विषयः- <u>निबन्ध लेखन प्रतियोगिता सम्बन्धमा।</u>

श्री नगरपालिका/गाउँपालिका,

नगर/गाउँ कार्यपालिकाको कार्यालय (सबै)

(सुर्खेत/दैलेख/जाजरकोट /सल्यान/रुकुम पश्चिम/रुकुम पूर्व/ हुम्ला/जुम्ला/मुगु/कालीकोट/डोल्पा)।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२ औँ स्थापना दिवस (२०७९ माघ २८) को अवसरमा निबन्ध लेखन प्रतियोगिता आयोजना गरिने भएकोले आयोगको मिति २०७९/०९/१७ को पत्र एवं आयोगको मिति २०७९/०९/१८ गतेको गोरखापत्रमा प्रकाशित सूचनानुसार तहाँ नगरपालिका/गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीको सहभागिताका लागि सम्बन्धित विद्यालयहरुलाई **सूचना** जानकारी गराई आवश्यक सहयोग गरिदिनु हुन अनुरोध छ। साथै तहाँ नगरपालिका/गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरुको नाम र इमेल, प्रधानाध्यापकको नाम र सम्पर्क नम्बर ७ (सात) दिन भित्र उपलब्ध गराइदिनुहुन समेत आदेशानुसार अनुरोध छ।

<u>तपशिलः</u>

१. निबन्धको शीर्षकः **“भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन”** (द्रष्टव्य: निबन्ध मौलिक र अप्रकाशित हुनुपर्नेछ)

२. निबन्धको शब्द सीमाः निबन्ध २५०० देखि ३००० शब्दमा नबढाई लेख्नुपर्नेछ।

३. निबन्धको भाषाः निबन्ध नेपाली भाषामा लेख्नुपर्नेछ।

४. सहभागी हुन पाउने विद्यार्थीहरुः कक्षा ९ देखि कक्षा १२ सम्म नियमित अध्ययनरत हुनुपर्नेछ।

५. प्रतियोगितामा सहभागी हुने प्रक्रियाः प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफुले लेखेको निबन्ध साथ आफ्नो नामथर, ठेगाना विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क नं. सम्भव भएसम्म अभिभावकको समेत सम्पर्क नं. उल्लेख गरी विद्यालयबाट आयोगको यस कार्यालयलाई सम्बोधन गरी लेखेको सिफारिस पत्रसमेत संलग्न गर्नुपर्नेछ।

६. निबन्ध आईपुग्नुपर्ने अन्तिम मितिः २०७९ साल माघ ६ गतेसम्म कार्यालय समयभित्र लिखित प्रति वा सफ्टकपि यस कार्यालयमा वा यस कार्यालयको ईमेल ठेगानाः <u>ciaa.surkhet@ciaa.gov.np</u> वा <u>bindeshwor.thapa@ciaa.gov.np</u> पठाई सक्नु पर्नेछ।

७. २०७९ साल माघ ६ गते भित्र प्राप्त हुन आएका लिखित प्रति वा सफ्ट कपिलाई यस कार्यालयमा गठन भएको विज्ञ सम्मिलित मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरिने छ। मूल्याङकन समितिको मूल्याङ्कनका आधारमा प्रथम हुने विद्यार्थीको निबन्धलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मूल्यांकन समितिबाट छनौट गरिने सर्वोत्कृष्ट निबन्धका लागि पठाइने छ। सर्वोत्कृष्ट निबन्ध छनौट भएमा मिति २०७९ माघ २८ गते आयोगको कार्यालय टंगालमा आयोजित ३२ औं स्थापना दिवसको कार्यक्रममा नगद रु.२५,०००।– (पच्चीस हजार) र प्रमाणपत्र सहित पुरस्कृत गरिनेछ। सो कार्यक्रममा सर्वोत्कृष्ट भई सहभागी हुन जाने विद्यार्थी र निजको एक जना अभिभावकलाई भ्रमण खर्च नियमावली,२०६४ को नियम ५ को उपनियम १ को (घ) बमोजिमको सुविधा उपलब्ध हुनेछ।

८. यस कार्यालयको प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने १/१ जनालाई क्रमशः रु.१२,०००/-, रु.९,०००/- र रु.७,५००/- का दरले पुरस्कृत गरिनेछ। प्रतियोगिता सम्बन्धमा थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०८३-५२३१७८ वा विद्यालय निरीक्षक विन्देश्वर थापा मगरको मो. नं. ९८४४२०३९४१ मा सम्पर्क गर्न सकिनेछ।

९. निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचनाका लागि आयोगको वेवसाईट https://ciaa.gov.np/uploads/notice/8cjAnp.pdf मा समेत हेर्न सकिनेछ।

.............................

भेषराज रिजाल

(उपसचिव)

उप-सचिव